जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट
आ.व. २०७६/७७ मा सम्पादन भएका कार्यहरुको विवरण

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

मकवानपुर

विषय सूची

१. विविध तथ्याङ्कहरु	१-३
२. पूँजीगत तर्फ कूल खर्चको विवरण	४
३. चालु तर्फ कूल खर्चको विवरण	४
४. शान्ति सुरक्षा र अमनचयन	५
५. सेवा प्रवाह	५-६
६. कार्यालय व्यवस्थापन	६
७. भौतिक पूर्वाधार निर्माण	६
८. सडक व्यवस्थापन	६
९. पेट्रोलियम पदार्थ ढुवानी	६-७
१०. लागूऔषध निषेध र व्यवस्थापन	७
११. अवैध मदिरा नियन्त्रण अभियान	७
१२. बजार अनुगन	७-८
१३. औद्योगिक क्षेत्र व्यवस्थापन	८
१४. विपद् व्यवस्थापन	८
१५. सूचनाको हक	९
१६. अन्य	१०

जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट आ.व. २०७६/७७ मा सम्पादन भएका कार्यहरु

क. प्रशासन शाखा				
क्र.सं.	**कार्यको विवरण**	**संख्या (आ.व. २०७६/०७७)**	**आ.व. २०७५/०७६**	**कैफियत**
१	संस्था दर्ता	५१	७५	
२	संस्था नवीकरण	२३३	३१९	
३	नावालक परिचयपत्र	१६७	२३५	
४	विवाह दर्ता	-	३	
५	उजुरी तथा गुनासो	१४१	३६८	
६	पत्रपत्रिका दर्ता	१	-	
७	छापाखाना दर्ता	-	-	
८	विविध सिफारिस	५००	१२०५	
९	तिव्वती शरणार्थीको परिचयपत्र नविकरण	-	-	
१०	शरणार्थीको लागि यात्रा अनुमती पत्र सिफारिस	-	-	
११	हातहतियार दर्ता	-	-	
१२	हातहतियार नविकरण	२७	३१	
१३	हातहतियार नामसारी	-	-	
१४	भू.पु. सैनिक पेन्सन (सिफारिस)	१३	२६	
ख. नागरिकता शाखा				
क्र.सं.	**कार्यको विवरण**	**संख्या (आ.व. २०७६/०७७)**	**आ.व. २०७५/०७६**	**कैफियत**
१	बंशजको आधारमा नयाँ नागरिकता वितरण	७,९१८ (पुरुष : ३७९९, महिला: ४११८, अन्य: १)	१६,५८१ (पुरुष : ६९९९, महिला: ९५८२)	
२	प्रतिलिपि नागरिकता वितरण	५,१४९ (पुरुष : ३४४७, महिला: १७०२)	७,६८६	
३	बैवाहिक अंगिकृत नागरिकता वितरण	९	१६	
४	प्र.जि.अ.ले दिने अंगिकृत नागरिकता वितरण	-	-	
५	जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई प्रदान गरिएको बंशजको नागरिकता	-	३२ (पुरुष : २०, महिला: १२)	
६	पुरानो नागरिकता अभिलेखिकरण	४,५१६	३,५८१	
ग. राहदानी शाखा				
क्र.सं.	**कार्यको विवरण**	**संख्या (आ.व. २०७६/०७७)**	**आ.व. २०७५/०७६**	**कैफियत**
१	साधारण सिफारिस	४३७४	५९७२	
२	द्रुत सिफारिस	२९५१	५०९८	
३	राहदानी वितरण	३५२४	५००५	

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

४	वितरण हुन बाँकी राहदानी	८५०	९६७	
घ. लेखा शाखा (राजश्व तर्फ)				
क्र.सं.	**कार्यको विवरण**	**संख्या/रकम (आ.व. २०७६/०७७)**	**आ.व. २०७५/०७६**	**कैफियत**
१	संस्था दर्ता (नवीकरण सहित)	३,४२,५७५/-	८,४८,४२७/-	
२	हातहतियार (नविकरण, नामसारी)	२२,५२१/-	३०,१६७।५०	
३	राहदानी दस्तुर	२,२५,१०,०००/-	२,९६,४५,०००/-	
४	अन्य प्रशासनिक दस्तुर	-	-	
५	प्रशासनिक दण्ड जरिवाना	१७,२६,७७७/-	११,७२,६९७/-	
६	न्यायिक दण्ड, जरिवाना र जफल	-	-	
७	परीक्षा दस्तुर	३,२००/-	-	
८	बेरुजु असुली	-	-	
९	सरकारी सम्पत्ति विक्री	४४,५००/-	-	
१०	धरौटी	१,२०,०७,३७८।०७	१,०६,६५,४८०।०७	
११	दैवी प्रकोप (आगजनी, चट्याङ, वर्षा)	२६,०५,०००/-	२३,७९,१६२/-	
१२	दैवी प्रकोप (भूकम्प पीडित) (न्यानो कपडा)	-	-	
१३	द्वन्द्व पीडित (अपाङ्गता भएकालाई जीवन निर्वाह भत्ता)	७,५३,७८६/-	८,२८,०००/-	
१४	द्वन्द्वकालमा मृत्यु भएका र बेपत्ता भएका	-	-	
१५	सडक दुर्घटनाको क्षतिपूर्ती वितरण	१,०७,००,०००/-	१,२४,५०,०००/-	
१६	वैदेशिक रोजगारीमा मृतक क्षतिपूर्ती वितरण	९,५७,२५६।८२	१,१३,३९,८७९।२३	
कार्यालय तर्फ				
१	पूँजीगत तर्फ कूल खर्च	३,३०,०७,८२३/-	१,९२,६८,७८०/-	
२	चालु तर्फ कूल खर्च	२,१८,३०,९००।९८	१,८८,८१,१२२।४०	
ङ. मुद्दा शाखा				
क्र.सं.	**कार्यको विवरण**	**संख्या (आ.व. २०७६/०७७)**	**आ.व. २०७५/०७६**	**कैफियत**
१	हातहतियार	-	२	
२	केही सार्वजनिक अपराध (अभद्र व्यवहार गरेको)	२९२	३३९	
३	कालो बजारी	१	-	
४	खाद्य	८	४	
५	क्षतिपूर्ती	५	२	
६	जुवा	५	-	
यस आ.व. को जम्मा दर्ता		३११	३४७	
गत आ.व. को जिम्मेवारी सरी आएको संख्या		७७	५५	
यस आ.व. मा फछ्र्यौट भएको संख्या		३३७	३२५	
फैसला हुन बाँकी मुद्दाको संख्या		५१	७७	
च. खाद्य तथा गुणस्तर सम्बन्धी अनुगमन तथा नियमन				

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

क्र.सं.	कार्यको विवरण	संख्या (आ.व. २०७६/०७७)	आ.व. २०७५/०७६	कैफियत
१	खाद्य नमूना संकलन	२९	२४	
२	खाद्य सम्बन्धी मुद्दा दायर	८	४	
छ. बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य				
क्र.सं.	**कार्यको विवरण**	**संख्या (आ.व. २०७६/०७७)**	**आ.व. २०७५/०७६**	**कैफियत**
१	खाद्यान्न, होटल र अन्य विविध	१० पटक	२९ पटक	विभिन्न होटल, रेष्टुरेन्ट, किराना पसल, वीउबीजन तथा किटनाषक औषधी पसल, फलफूल तथा तरकारी पसल, विभिन्न मेडिकल ल्याबहरु, प्याथोलोजीहरु, मिठाई पसल, दैनिक उपभोग्य वस्तु विक्री गर्ने पसल, माछामासु पसल, पशु बधशाला, हार्डवेयर पसल, मदिरा पसल, पेय पदार्थ डिलर, पानी उद्योग आदि ।
ज. कार्यालय अनुगमन				
क्र.सं.	**कार्यको विवरण**	**संख्या (आ.व. २०७६/०७७)**	**आ.व. २०७५/०७६**	**कैफियत**
१	हाजिरी रजिष्टर, पोशाकको छड्के जाँच	४ (चार) पटक	-	

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

पूँजीगत तर्फ कूल खर्चको विवरण

खर्च/वित्तिय संकेत नं.	खर्च/वित्तिय शिर्षक	अन्तिम बजेट	खर्च रकम
३१११२	भवन निर्माण	४७२०००००।००	३०२७९४२६।००
३११२२	मेशिनरी तथा औजार	१४६५०००।००	१४६४९९९।००
३११२३	फर्निचर	१००००००।००	९८५०६३।००
३११७१	पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण	३०००००।००	२७८३३५।००
	जम्मा	**४९९६५०००।००**	**३३००७८२३।००**

चालु तर्फ कूल खर्चको विवरण

खर्च/वित्तिय संकेत नं.	खर्च/वित्तिय शिर्षक	अन्तिम बजेट	खर्च रकम
२११११	पारिश्रमिक कर्मचारी	१३३८७७७०।९८	१३३८७७७०।९८
२११२१	पोशाक	३०००००।००	२७००००।००
२११३२	महंगी भत्ता	७२००००।०	६४२०००।००
२११३९	अन्य भत्ता	६००००।००	६००००।००
२१२१३	योगदानमा आधारित बिमा खर्च	१४४०००।००	१२८४००।००
२२१११	पानी तथा बिजुली	३०४०००।००	३०४०००।००
२२११२	सञ्चार महशुल	२४६०००।००	२३९३३६।००
२२२१२	इन्धन कार्यालय प्रयोजन	६६००००।००	६६००००।००
२२२१३	सवारी साधन मर्मत खर्च	६०००००।००	६०००००।००
२२२१४	बीमा	५५०००।००	४५२७६।००
२२२२१	मेशिनरी मर्मत	१२००००।००	१२००००।००
२२२३१	सार्वजनिक सम्पत्ति मर्मत	१३५०००।००	१३४६५४।००
२२३११	मसलन्द तथा कार्यलय सामाग्री	७९००००।००	७९००००।००
२२४१९	अन्य सेवा शूल्क	१७११०००।००	१७११०००।००
२२५११	कर्मचारी चालिम खर्च	५५०००।००	३९०००।००
२२५२९	विविध कार्यक्रम खर्च	७७६०००।००	७७५६७८।००
२२६११	अ.मु.ख.	६५००००।००	६५००००।००
२२६१२	भ्रमण खर्च	२१००००।००	२१००००।००
२२७११	विविध	३१००००।००	३१००००।००
२७१११	सामाजिक सुरक्षा	७७४०००।००	६६९७८६।००
२७२१२	उद्धार, राहत तथा पुनर्स्थापना खर्च	८४०००।००	८४०००।००
२८१४२	घर भाडा	५८०००।००	०।००
	जम्मा	**२२१४९७७०।९८**	**२१८३०९००।९८**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

शान्ति सुरक्षा एवं अन्य महत्वपूर्ण कार्यहरु

शान्ति सुरक्षा र अमनचयन

- जिल्लामा शान्ति सुरक्षा विश्वसनीय र भरपर्दो तुल्याई नागरिकको शान्ति सुरक्षा र अमनचयनको व्यवस्था पूर्णरुपमा मिलाइएको ।
- जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजना तयार गरिएको ।
- जिल्ला सुरक्षा समितिको बैठकलाई गतिशील, नतीजामुखी र प्रभावकारी बनाइएको ।
- जिल्ला सुरक्षा समितिको बैठक ३५ पटक स्पष्ट एजेन्डा सहित सञ्चालन गरिएको ।
- राजमार्गलाई निर्वाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाइएको ।
- जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालयहरुको नियमित रुपमा निरीक्षण गरिएको ।
- प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा कानून बमोजिम कार्य गरे नगरेको सम्बन्धमा अनुगमन गरिएको ।
- गुण्डागर्दी, संगठित अपराध, जबरजस्ती असुली, महिला हिंसा लगायतका अपराधलाई नियन्त्रण गरिएको ।
- सरकारी जग्गा वा सार्वजनिक सम्पत्तिको संरक्षण हेतु जिल्लाभित्र रहेका सार्वजनिक जग्गाहरुको स्थानीय तहसँग समन्वय गरी विवरण संकलन र अध्यावधिक गर्ने कार्य प्रारम्भ गरिएको ।
- अवैध हातहतियारको प्रयोग तथा ओसारपसार नियन्त्रण गरिएको ।

सेवा प्रवाह

- बंशजको आधारमा नयाँ नागरिकता ७,९१८ (पुरुष: ३७९९, महिला: ४११८, अन्य: १), वैवाहिक अंगिकृत नागरिकता ९ र प्रितिलिपि नागरिकता ५,१४९ (पुरुष: ३४४७, महिला: १७०२) वटा वितरण गरिएको ।
- ३५२४ वटा राहदानी कार्यालयबाट वितरण गरिएको र २९५१ वटा द्रुत सिफारिस गरी राहदानी विभागमा पठाइएको ।
- संस्था दर्ता ५१ तथा संस्था नवीकरण २३३ वटा गरिएको ।
- १६७ वटा नालबालक परिचयपत्र जारी गरिएको ।
- जिल्ला प्रशासन कार्यालयमा सुनुवाइ हुने मुद्दाहरुमा मुद्दाको प्रकृति हेरी निरन्तर सुनुवाईको व्यवस्था गरी छिटो छरितो ढंगले फैसला गर्ने व्यवस्था मिलाइएको । गत आ.व.को फछ्र्यौट हुन बाँकी ७७ र चालु आ.व. मा दर्ता भएका ३११ वटा मुद्दा मध्ये ३३७ वटा (८६.८६ प्रतिशत) मुद्दा फछ्र्यौट गरिएको ।
- सेवाग्राहीलाई सेवा लिन सजिलो होस् भन्नका लागि सेवा लिंदा लाग्ने शूल्क, गुनासो सुन्ने तथा सूचना अधिकारी र सेवा लिन सम्पर्क गर्ने कोठा जस्ता जानकारी भएका विवरणहरु कार्यालय परिसरको विभिन्न स्थानमा राखिएको ।
- कार्यालयको काम कारवाहीलाई पारदर्शी बनाउन कार्यालयको फेसबुक, वेबसाइट, इमेल जस्ता विद्युतीय माध्यमहरुलाई नियमित अद्यावधिक गरी कार्यालयका गतिविधिहरु प्रवाह गर्ने गरिएको । विद्युतीय माध्यमबाट नै गुनासो सुन्ने व्यवस्था मिलाइएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

- कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई लक्षित गरी यस कार्यालयसँग सम्बन्धित विविध जानकारी र सूचनाहरुकासाथै इन्टरनेट मार्फत उपलब्ध अन्य जानकारीमूलक विषयवस्तुहरुमा सहज पहुँच होस् भन्ने उद्देश्यकासाथ मिति २०७५ जेठ ८ गतेदेखि यस कार्यालय परिसरमा Free Wi-Fi को व्यवस्था मिलाइएकोमा सोलाई निरन्तरता दिंदै अझ प्रभावबारी बनाइएको ।
- संघ संस्था दर्ता गरी मठ मन्दिर, सामुदायिक भवन खेल मैदान जस्ता कार्यको नामबाट जग्गा अतिक्रमण गरी अनधिकृतरुपमा संरचनाहरु बनाउने प्रवृत्ति देखिएकोले जग्गा आवश्यक पर्ने क्रियाकलाप सञ्चालन गर्न दर्ता हुने संघ संस्था दर्ता गर्दा जग्गाको भोगाधिकार यकिन गरेर मात्रै संस्था दर्ता गर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयबाट दर्ता हुने सबै संघ संस्थामा "**वन तथा सार्वजनिक जग्गा अनधिकृत प्रयोग नगर्ने गरी**" भन्ने शर्त प्रमाणपत्र मै उल्लेख गर्ने गरिएको ।

कार्यालय व्यवस्थापन

- नियमित स्टाफ बैठक र गुनासोको सामूहिक समाधान गरिएको ।
- अख्तियारी सार्वजनिकीकरण गरिएको ।
- कार्यालयको अभिलेख व्यवस्थापनलाई प्रभावकारी तुल्याइएको ।
- जिन्सी निरीक्षणबाट लिलाम हुने ठहर्याईएका खर्च नहुने सामानहरू लिलाम विक्री गरिएको । सेवाग्राहीहरु विशेष गरी अपाङ्गता भएका, जेष्ठ नागरिक तथा अशक्त महिलाहरुका लागि प्राथमिकतामा राखी सेवा प्रवाह गरिएको तथा सेवा लिंदासम्म बस्ने व्यवस्थाको विशेष प्रबन्ध गरिएको ।
- कार्यालय परिसरमा सेवाग्राहीहरुका लागि स्वच्छ र सफा खानेपानीको व्यवस्था मिलाइएको ।

भौतीक पूर्वाधार निर्माण

- कार्यालयको नयाँ भवन निर्माण कार्यलाई निरन्तरता दिईएको ।
- कार्यालयमा आउने सेवाग्राहीहरुका लागि स्वच्छ र सफा खानेपानीको प्रबन्ध, महिला पुरुष अलग-अलग तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्नुका साथै नियमित सरसफाईको पनि व्यवस्था गरिएको ।
- कार्यालय परिसरभित्र निर्णमा गरिएको स्तनपान कक्षलाई थप व्यवस्थित बनाईएको ।
- जिल्लामा हुने विभिन्न विकास निर्माणका कार्यहरुमा अनुगमन, समन्वय तथा सहजीकरण गरिएको ।

सडक व्यवस्थापन

- मालपोत कार्यालय, मकवानपुर र अड्डामार्ग सडकको सवारी पार्किङ व्यवस्थित गर्न कार्यालय समयमा निजी सवारी साधनहरु प्रवेशमा रोक लगाईएकोमा सोलाई निरन्तरता दिईएको,
- सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ बमोजिम स्वीकृति नलिएका सडक छेउ तथा फुटपाथ राखेका निर्माण सामग्री र खुद्रा पसल तत्काल बन्द गराइएको,

पेट्रोलियम पदार्थ ढुवानी

- मकवानपुर जिल्लामा पेट्रोलियम पदार्थको विक्री वितरणलाई सहज तुल्याईएको । साथै, बन्द हड्तालको समयमा पेट्रोलियम पदार्थको ढुवानी कार्यमा प्रयोग हुने ट्याङ्करहरुको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले स्कटिङ गर्ने व्यवस्था मिलाइएको,

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

- पेट्रोलियम पदार्थको विक्री वितरण गर्ने कार्यमा संलग्न रहेका हेटौंडास्थित सबै पेट्रोल/डिजेल पम्पहरुलाई अनिवार्यरुपमा पम्पहरु खुला राख्ने व्यवस्था मिलाइएको,
- हेटौंडास्थित सबै पेट्रोल/डिजेल पम्पहरुबाट उपलब्ध परिमाणको पेट्रोल/डिजेल विक्री वितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरिएको,

लागूऔषध निषेध र व्यवस्थापन

- लागूऔषध नियन्त्रण कार्ययोजना, २०७६ बमोजिम जिल्लास्तरीय कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- विभिन्न निकायको समन्वय तथा सहकार्यमा स्थानीय तहहरुमा लागूऔषध विरुद्धको सचेतना तथा जागरण अभियान सञ्चालन गरिएको ।
- विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा जिल्लाको माध्यमिक विद्यालयका (१-१२ कक्षाका) विद्यार्थीहरुलाई लागू औषध विरुद्धमा सचेतना अभिवृद्धि गराइएको ।
- गाँजा, अफिम लगायतका लागू पदार्थजन्य खेती नष्ट गरिएको ।(५६३ विगाहा १९ कठ्ठा क्षेत्रफलको गाँजा तथा ८९ विगाहा ११ कठ्ठा र ब्याड ११ विगाहा १२ कठ्ठा ८ धुर क्षेत्रफलको अफिम खेती नष्ट गरिएको)
- लागू औषध प्रयोगकर्ताहरुका लागि सञ्चालनमा रहेका उपचार तथा पुनर्स्थापना केन्द्रबाट उपलब्ध हुने सेवालाई प्रभावकारी बनाइएको ।

अवैध मदिरा नियन्त्रण अभियान

- अवैध मदिरा उत्पादन तथा विक्री वितरणलाई पूर्णरुपमा नियन्त्रण गर्न सरोकारवाला निकायहरुको संलग्नतामा प्रभावकारी अनुगमन गरिएको र अवैध मदिरा उत्पादन तथा विक्री वितरणमा संलग्नलाई कानूनबमोजिम कारवाहीको दायरामा ल्याइएको ।
- ईजाजत पत्र लिई वैध मदिरा विक्री वितरण गर्ने पसल, डिपार्टमेन्टल स्टोर, होटल, रेष्टुरेन्टहरुले कानूनमा तोकिएको परिधीभित्र रही विक्री वितरण गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय, मकवानपुर, आन्तरिक राजश्वक कार्यालय, मकवानपुर र उपभोक्ता हित संरक्षण मञ्चको सहभागितामा अनुगमन गरिएको र कानून विपरित गरेकालाई तत्काल कारवाहीको दायरामा ल्याइएको ।

बजार अनुगमन

- नियमितरुपमा गरिदै आएको बजार अनुगमनलाई सरोकारवाला निकायहरुको सहभागितामा थप प्रभावकारी बनाउँदै नतिजामुखी तुल्याइएको ।
- उपभोक्ता जागरण/सचेतना कार्यक्रम तथा बजार अनुगमन सम्बन्धमा सरोकारवाला सबै पक्षहरुसँग छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न । बैठकमा बजार अनुगमनलाई प्रभावकारी बनाउन "संयुक्त बजार अनुगमन कार्ययोजना" समेत तयार गरिएको ।
- बजार अनुगमनका क्रममा व्यवसाय सञ्चालकलाई अनुगमन टोलीद्वारा सुधारका निम्ति दिइएका निर्देशन तथा सुझावहरु पालना भए/नभएको सम्बन्धमा समेत अनुगमन गरिएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

- व्यवसायिहरुले व्यवसाय सञ्चालनका क्रममा पुर्याउनुपर्ने रीतहरुका साथै कानून विपरित व्यवसाय सञ्चालन गर्दा हुने कारवाही सम्बन्धी जानकारीका साथै अन्य सचेतनामूलक विषयवस्तुहरु स्थानीय सञ्चारमाध्यम मार्फत व्यवसायीमाझ सूचित गराउन हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडालाई अनुरोध गरिएको ।
- नेपालीहरुको विभिन्न चाडपर्वलाई लक्षित गरी आम उपभोक्तालाई दैनिक उपभोग्य वस्तु सहज र एकै स्थानबाट उपलब्ध गराउन एकीकृत सुपथ मूल्य पसल सञ्चालनको लागि मकवानपुर उद्योग वाणिज्य संघलाई आवश्यक व्यवस्था मिलाउन लगाइएको ।
- जिल्लामा सञ्चालित औषधी पसल, ल्याब, पोलिक्लिनिक र निजी अस्पतालहरुको नियमित अनुगमन गरिएको ।

औद्योगिक क्षेत्र व्यवस्थापन

- मजदूर समर्थक ट्रेड युनियनका पदाधिकारीहरुलाई औद्योगिक व्यवस्थापन र श्रमिक पक्षबीच विवाद समाधानार्थ सार्थक पहल गर्न र कानून विपरित गर्ने गराउने श्रमिकहरुलाई कानूनको दायरामा ल्याउन लगाइएको ।
- सौहार्द औद्योगिक वातावरण कायम गर्ने सन्दर्भमा युनियनका पदाधिकारीहरुलाई सामूहिक प्रतिबद्धता व्यक्त गर्न लगाइएको ।
- औद्योगिक क्षेत्र व्यवस्थापन र सडक खण्डको केन्द्र विन्दु निश्चित गर्न जिल्ला नापी कार्यालयबाट पुन: नापजाँचको व्यवस्था मिलाइएको ।
- हेटौडा औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरुलाई थप व्यवस्थित गर्दै नयाँ उद्योगहरुको स्थापनाका लागि अनुकूल वातावरण सिर्जना गरिएको र कृषिजन्य उद्योगहरुलाई प्राथमिकता दिई स्थापनाका लागि प्रोत्साहन गर्ने व्यवस्था गरिएको ।
- औद्योगिक वातावरणलाई सुरक्षित तुल्याई लगानीलाई प्रोत्साहन/भित्र्याउन हेटौडा औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरुको प्रभावकारी सुरक्षाको व्यवस्था मिलाइएको ।

विपद् व्यवस्थापन

- जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक ६ पटक, जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक १९ पटक र जिल्ला कमाण्ड पोष्टको बैठक ४१ पटक सञ्चालन गरिएको ।
- कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यहरू गरिएको ।
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७६ (परिमार्जित तथा अध्यावधिक) कार्यान्वयन गरिएको ।
- मनसुन जोखिम न्यूनीकरण कार्ययोजना, २०७७ तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- सबै स्थानीय तह समेटिने गरी उपलब्ध Equipment सहितको QRT/IRT को परिचालन गरिएको ।
- विपद्को समयमा उद्धार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यावहारिक अभ्यास जिल्लास्थित सुरक्षा निकायहरुले विभिन्न मितिमा सञ्चालन गरेका ।
- विपद् भएको समयमा उद्धार र राहत तत्काल उपलब्ध गराइएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

सूचनाको हक

- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई सुनिश्चित गरिएको ।
- सूचनाको हक प्रवर्द्धन गर्न सबै कार्यालयहरुमा सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइएको ।
- राष्ट्रिय सूचना आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसार सूचना स्वःप्रकाशन गर्ने र माग गर्दा उपलब्ध गराउने सम्बन्धी आदेश जिल्लास्तर सबै कार्यालयहरुमा जारी गरिएको र सो बमोजिम भए नभएको मूल्याङ्कन गर्न समिति बनाई अनुगमन गर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयबाट भए गरेका गतिविधिहरु नियमितरुपमा कार्यालयको वेबसाईट तथा फेसबुक पेज मार्फत सार्वजनिक गरिएको ।
- सूचनाको हक कार्यान्वयन सम्बन्धमा जिल्लास्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थानका सूचना अधिकारीहरूसँग ७ (सात) पटक बैठक बसेको ।

अन्य

- जिल्ला स्थित कार्यालयहरुले सञ्चालन गर्ने विकास आयोजनाहरुको पूँजीगत खर्च बढाउन तथा गुणस्तरीयता सुनिश्चित गर्न तेस्रो पक्ष (Third party) सहित विविध सरोकारवाला निकायहरु सम्मिलित संयुक्त अनुगमन (Joint Monitoring) को व्यवस्था मिलाइएको ।
- निजामती सेवा दिवस, २०७६ भव्यताकासाथ मनाइएको । दिवसको अवसरमा रक्तदान तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिएको । साथै, पहिलो सेवाग्राहीलाई सम्मान गरिएको ।
- विभिन्न औद्योगिक प्रतिष्ठान, वन विज्ञान अध्ययन संस्थान तथा अन्य विभिन्न निकाय र संघसंस्थाका श्रम लगायत विभिन्न विवादहरु सरोकारवालाहरुसँगको सहजीकरण गरी सम्बोधन गरिएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय

हेटौडा-२, मकवानपुर

फोन नं. : ०५७-५२०४९५, ५२००१२

फ्याक्स : ०५७-५२३८२२

ईमेल : daomakawanpur@moha.gov.np

वेबसाईट : daomakawanpur.moha.gov.np

फेसबुक पेज : www.facebook.com/daomakawanpur